# अपिल

कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना हुनु कुनै एउटा संयोग मात्र नभएर हामी सबैको तीन दशक देखिको अथक प्रयासवाट सम्भव भएको थियो । यस प्रसंगमा सहभागी सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै विश्वविद्यालय को विकासमा यहाँहरुको भूमिका अझै रहेको व्यहोरा अनुरोध छ । देशको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रको सर्वाङगीर्ण विकास गर्न र कृषिको आधुनिकीकरण गर्दै ग्रामीण जनसमुदायको सामाजिक तथा आर्थिक स्तर उठाउन कृषि, वन, पशु विज्ञान जस्ता क्षेत्रसँग सम्वन्धित विषयको एकीकृत रूपले अध्ययन, अध्यापन र अनुसन्धान गराई मुलुकभित्रै उच्चस्तरको प्राज्ञिक तथा सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नेपाल सरकारको लगानीमा यो विश्वविद्यालय २०६७ मा स्थापना भएको हो । स्थापना गरेको बाह्र वर्ष पुग्न लाग्दा समेत ऐनले व्यवस्था गरेको कृषि र पशु विज्ञान अध्ययन संस्थान अन्तर्गतको रामपुर कृषि क्याम्पस रामपुर, वन विज्ञान अध्ययन संस्थान अन्तर्गतको वन क्याम्पस हेटौंडाको औपचारिक रुपमा त्रिभुवन विश्वविद्यालयवाट स्वामित्व हस्तान्तरण हुन बाँकी छ । तथापी यसको निमित्त अदालतको निर्णय छिट्टै आउने र कार्यान्वयनमा जाने छ भन्ने विश्वास गरिएको छ । विश्वविद्यालयका अभिन्न अंग शिक्षक, कर्मचारी र विद्यार्थीहरुले नयाँ विश्वविद्यालयवाट आ–आफ्नो क्षेत्रमा बढी आकांक्षा राख्नु स्वभाविक भएता पनि न्युन दरवन्दीको कारण एंव पूर्वाधारको कमीले विश्वविद्यालयको प्राज्ञिक उन्नयनमा आशातित प्रगति हुन सकेको छैन । नयाँ विश्वविद्यालयमा सरोकारवालाहरु सबैको धेरै अपेक्षा हुनु स्वभाविक भएता पनि व्यवस्थापन पक्षले सबै अपेक्षाहरु समयमा नै सम्वोधन गर्न कठिन भएको छ । स्थापना कालदेखि नै शिक्षक, कर्मचारी र विद्यार्थीहरुवाट मागहरु प्रस्तुत हुने , केही मागहरु पुरा हुने केही मागहरु छलफल गरी पुरा हुने प्रक्रियामा रहेका छन् । सबै सरोकारवालाहरुको उद्धेश्य विश्वविद्यालयमा असल प्रद्धति स्थापना गरी यसको विकास र गरिमालाई उच्च राख्ने नै देखिन्छ ।

हाल यस विश्वविद्यालयमा स्नातक, स्नातकोत्तर र विद्यावरिधिमा गरि ४५०० विद्यार्थी अध्ययनरत छन् । त्यस्तै यस विश्वविद्यालयमा ७५० भन्दा बढी शिक्षक, कर्मचारी कार्यरत छन् । विश्वविद्यालयका केन्द्रिय कार्यालय, संकाय, आंगिक कलेज र कृषि विज्ञान केन्द्रमा झन्डै १२५० जना शिक्षक, कर्मचारी आवश्यक रहेको विषय कार्ययोजना सहित नेपाल सरकार र विश्वविद्यालय अनुदान आयोगमा पटक - पटक अनुरोध गरिएको व्यहोरा समेत सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध छ । विश्वविद्यालयमा हालसम्म आन्तरिक स्रोत व्यवस्थापनमा २५० भन्दा बढी र वाह्य सहयोगमा आधारित ६६ वटा Research project संचालन भइ सम्पन्न भइसकेका छन् भने हाल आन्तरिक र वाह्य स्रोतवाट १५६ भन्दा बढी Research project हरु संचालनमा छन् । यस विश्वविद्यालयले ५५ भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय अनुसन्धान केन्द्र र दातृ निकायहरुसंग MOU गरी सम्वन्ध विस्तार गरेको छ । यसै माघ महिनाको अन्तवाट USAID को सहयोग र Tuskegee University को Implementations मा Capacity building परियोजना सुरु हुदै छ ।

हाम्रो जस्तो विकासशिल देशमा सिमित स्रोत र साधनहरुको उपलब्धतामा अधिकांश विश्वविद्यालयहरुले कृषि, वन, पशु विज्ञान जस्तो प्राविधिक विषयका कार्यक्रम संचालन गरिरहेको सन्दर्भमा स्रोत साधनको प्रभावकारी उपयोग तथा दक्ष जनशक्तिको उत्पादनमा समस्या देखा परेको छ । यस्तो संवेदनशिल परिस्थितिमा पनि हामीलाई उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी विश्वविद्यालयको दिगो विकास तथा विस्तारका लागि निरन्तर पहल गर्दा गर्दै पनि शिक्षक, कर्मचारी र विद्यार्थीहरुका समस्या समाधानका लागि स्थायी उपायहरु खोजी गर्दै रहेको अवस्थामा कर्मचारी संघ संगठनवाट मिति २०७९ पौष ६ गतेदेखि विभिन्न मागहरु राखी केन्द्रिय कार्यालय र संकायमा तालावन्दी गरी कार्यालयको दैनिक कार्य संचालनमा अवरोध भएको विषयमा विश्वविद्यालय व्यवस्थापन पक्षलाई चिन्तित बनाएको छ । यी मागहरु पुरा गराउन छलफलका माध्यमवाट समस्या समाधानका लागि निरन्तर लागि रहेको र तत्काल सम्भव भएसम्मका मागहरु पुरा गर्दै बाकी मागहरु पुरा गराउन सम्वन्धित पक्ष र नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोगहरुसँग आवश्यक पहल गरिराखेको व्यहोरा समेत यसै अपिल मार्फत आन्दोलनरत पक्ष र अन्य सरोकारवाला समक्ष अनुरोध छ ।

विश्वविद्यालय व्यवस्थापन पक्ष, शिक्षक, कर्मचारी र विद्यार्थीहरुका जायज मागहरु बारे छलफलका माध्यमवाट समाधान गर्न पूर्ण रुपमा तत्पर रहेको हुदा, आजका मिति देखि कुनै पनि बन्द हडतालका कार्यक्रमहरु संचालन नगरिदिनुहुन र यस भन्दा अगाडि संचालन गरिएका बन्द हडतालका कार्यहरु स्थगन गरी विश्वविद्यालयका शैक्षिक एवंम प्रशासनिक कार्यहरु संचालनमा सहज वातावरण सिर्जना गरी सहयोग पुऱ्याइदिनुहुन सम्वन्धित सवैमा हार्दिक अपिल गर्दछु । साथै विश्वविद्यालय स्थापना कालदेखि सहयोगी संघ, संस्था र व्यक्तित्वहरुमा समेत विश्वविद्यालयको स्थायीत्व र विकासका लागि निरन्तर सहयोग पुऱ्याइदिनुहुन यसै अपिल मार्फत हार्दिक अनुरोध गर्दछु ।

२०७९/१०/१६

प्रा.डा.शारदा थपलिया

रजिष्ट्रार

कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन ।